# चौरीदेउराली गाउँपालिकाको ठेक्का सम्झौता सम्बन्धी कार्यविधि २०७५

भौतिक पूर्वधार तथा निर्माण लगाएतका विषयहरुमा वोलपत्र आहवान गरि ठेक्कावाट काम दिदा (Below) अति न्युनतम कवोल अंकमा वा मिलेमतोमा पूर्ण अंकमा वोलपत्र पेश गरि ठेक्का पार्न सफल निर्माण व्यवसायीहरुले ठेक्का पारे पछि मोविलाइजेसन लिने र कामै सुरु नगरि छोडी दिने, सुरु गरेपनी तोकीयको समयमा काम सम्पन्न नगर्ने, विचमा नै काम छोडेर अलपत्र पार्ने र गुणस्तरिय काम नगर्ने जस्ता लापारवाही गर्ने प्रवृत्ति निर्माण व्यवसायीहरुमा देखिएको हुँदा समयमा काम सम्पन्न गर्न गराउन थप कार्यविधि वनाई लागुगर्नु पर्ने आवश्यकता देखिएकोले वोलपत्र आह्वन सम्बन्धि प्रचलित ऐन कानुन र नियमावलीको भावना र मर्मानुसार कार्य गर्न गराउँन सम्झौता गराउँदा निम्नानुसार गर्ने गरि यो कार्यविधि पारीत गरि लागु गरिएको छ ।

१. वोलपत्र पेश गरि ठेक्का पार्न सफल निर्माण व्यवसायी/ फर्म/ इजाजतपत्र/ कम्पनी र ठेकेदारहरुले सम्झौता गर्न आउँदा ठेक्का स्वीकृतको कवोल अंकको २५% रकम गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

२. मोवीलाइजेसनको रुपमा काम सम्पन्न नगरे सम्म पेश्की रकम उपलब्ध गराईने छैन, । काम सम्पन्न गरि सकेपछि मात्र सवै रकम एक मुस्ट भुक्तानी गरिनेछ ।

३. काम शुरुगरि कम्तिमा २०% काम सम्पन्न गरि सकेपछि निजले राखेको २०% घरौटी फिर्ता गरिने छ ।बाँकी ५% रकम प्रचलित नियमानुसार कार्य सम्पन्न पश्चात भुक्तानी गरिनेछ ।

४. सम्झौता गर्दा काम सम्पन्नगर्ने समयावधि तोकीनेछ । तोकीयको समय सिमा भित्र काम सम्पन्न नगरे कवोल अंकको कुल रकमलाई समयावधिको कुल दिनले भाग गरि प्रतिदिन पर्न आउने रकम वरावरले प्रतिदिन हिसाव गरि कट्टा गरिने छ र जति बाँकी रहन्छ त्यति मात्र रकम भुक्तानी गरिनेछ ।

५. समय भन्दा अगावै कार्य सम्पन्न गरेमा प्रचलित नियमानुसार पुस्कृत गरिनेछ ।